गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
नवलपरासी, (बर्दघाट सुस्ता पूर्व), नेपाल

जनस्वास्थ्य बुलेटिन
अंक: १८
महिना: श्रावण
आ. व: २०८३/८४

# जनस्वास्थ्य बुलेटिन- श्रावण २०८४

## मुख्य उपलब्धीहरु

- ☐ प्रदेश जनस्वास्थ्य कार्यालयमा *GIOMS* प्रणालीको सुरुवात
- ☐ वार्षिक जनस्वास्थ्य प्रतिवेदन तयारी बैठक
- ☐ प्रदेश जनस्वास्थ्य कार्यालयमा "शुक्रबार सरसफाइ" अभियान
- ☐ स्वास्थ्यकर्मीहरूका लागि PAMS V2 सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- ☐ विपद्, सडक दुर्घटना तथा जलनसम्बन्धी आपतकालीन पूर्वतयारी तथा प्राथमिक उपचार अभिमुखीकरण
- ☐ निजी स्वास्थ्य संस्था अनुगमन समितिद्वारा निजी स्वास्थ्य संस्था अनुगमन
- ☐ विद्यालय परिसर आसपास सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन अनुगमन

## मासिक कार्यक्रम सारांश

संचालित कार्यक्रम कुल संख्या: ०९
कार्यक्रम प्रकारअनुसार:
- तालिम: ००
- अभिमुखीकरण: ०३
- अन्तरक्रिया तथा गोष्ठी: ०१
- स्थलगत अनुशिक्षण: ०२
- अनुगमन तथा सुपरिवेक्षण: ०३
- समिक्षा तथा अन्य बैठक: ००
- समुदाय साझेदारी कार्य: ००

## संचालित कार्यक्रमहरुको विवरण

### प्रदेश जनस्वास्थ्य कार्यालयमा GIOMS प्रणालीको सुरुवात

मिति २०८३/०४/०१ देखि प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा *GIOMS (Government Integrated Office Management System)* को औपचारिक सुरुवात गरिएको छ। *GIOMS* को प्रभावकारी कार्यान्वयनका लागि कार्यालय प्रमुख तथा जनस्वास्थ्य प्रशासक श्री केशव प्रसाद चापागाईं र जनस्वास्थ्य अधिकृत श्री सागर पराजुलीको नेतृत्वमा *GIOMS* को परिचय तथा कार्यालयीय *Workflow* सम्बन्धी अभिमुखीकरण सञ्चालन गरिएको थियो।





## प्रदेश जनस्वास्थ्य कार्यालयमा वार्षिक प्रतिवेदन तयारी बैठक

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा कार्यालयका सबै कार्यक्रम शाखाका कर्मचारीहरूको सहभागितामा आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति तथा कार्यक्रमगत प्रतिवेदन तयारीसम्बन्धी बैठक सम्पन्न गरिएको थियो। कार्यालयबाट सञ्चालन भएका विभिन्न स्वास्थ्य कार्यक्रम, सेवा प्रवाह, उपलब्धि, सूचकगत प्रगति, चुनौती तथा आगामी सुधारका क्षेत्रहरूलाई समेटी तथ्यमा आधारित र व्यवस्थित वार्षिक प्रतिवेदन तयार गर्ने उद्देश्यले सम्बन्धित शाखा तथा कार्यक्रमका विवरणहरू संकलन, समीक्षा तथा विश्लेषण गरिएको थियो।





## प्रदेश जनस्वास्थ्य कार्यालयमा "शुक्रबार सरसफाइ" अभियान

डेंगी रोगको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपुर स्वास्थ्य चौकीको सहकार्यमा श्रावण महिनादेखि नियमित रूपमा "शुक्रबार सरसफाइ" अभियान सञ्चालन हुँदै आएको छ। "डेंगी रोगको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी राष्ट्रिय मार्गदर्शन" बमोजिम सञ्चालन भइरहेको यस अभियानअन्तर्गत कार्यालय परिसर तथा आसपासका क्षेत्रमा सरसफाइ गर्नुका साथै डेंगी सार्ने *Aedes* लामखुट्टेको प्रजननस्थलको खोजी तथा नष्ट गर्ने कार्य गरिँदै आएको छ। अभियानका क्रममा जमेको पानी तथा पानी जम्न सक्ने स्थान, टायर, बोतल, गमला, ड्रम, भाँडाकुँडा लगायतका सम्भावित प्रजननस्थलहरूको पहिचान गरी पानी हटाउने, सफा गर्ने तथा व्यवस्थापन गर्ने कार्य गरिन्छ।





## विपद्, सडक दुर्घटना तथा जलनसम्बन्धी आपतकालीन पूर्वतयारी तथा प्राथमिक उपचार अभिमुखीकरण

मिति २०८३/०४/२२ गतेका दिन नेपाल प्रहरी तथा नेपाल ट्राफिक प्रहरीका मध्यविन्दु नगरपालिका स्थित विभिन्न युनिटमा कार्यरत प्रहरी कर्मचारीहरूका लागि विपद्, सडक दुर्घटना तथा जलनसम्बन्धी आपतकालीन पूर्वतयारी तथा प्राथमिक उपचारसम्बन्धी अभिमुखीकरण सञ्चालन गरिएको छ। विपद् तथा सडक यातायात दुर्घटनाका क्रममा घाइतेको समयमै सुरक्षित उद्धार, प्रारम्भिक मूल्याङ्कन तथा प्राथमिक उपचार प्रदान गर्न आवश्यक ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो। कार्यक्रममा सडक दुर्घटना तथा अन्य आपतकालीन अवस्थाको जोखिम पहिचान, सुरक्षित उद्धार, घाइतेको प्रारम्भिक मूल्याङ्कन, रक्तस्राव नियन्त्रण, चोटपटक तथा जलनको प्राथमिक उपचार, आपतकालीन अवस्थामा समन्वय तथा थप उपचारका लागि स्वास्थ्य संस्थामा समयमै प्रेषणलगायतका विषयमा अभिमुखीकरण प्रदान गरिएको थियो।






## स्वास्थ्यकर्मीहरूका लागि PAMS V2 सम्बन्धी अभिमुखीकरण कार्यक्रम

मिति २०८३/०४/२८ देखि २०८३/०४/२९ गतेसम्म हुप्सेकोट गाउँपालिकाको आयोजना तथा प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को प्राविधिक सहयोगमा हुप्सेकोट गाउँपालिकाको सभाहलमा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि तथा स्वास्थ्य सूचना व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यले PAMS V2 सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का सहायक तथ्याङ्क अधिकृत श्री शिवशरण पराजुलीले PAMS V2 को प्रयोग, तथ्याङ्क प्रविष्टि, अद्यावधिक तथा स्वास्थ्य सूचना व्यवस्थापनसम्बन्धी विषयमा प्राविधिक सहजीकरण गर्नुभएको थियो।





## जिल्ला स्तरीय निजी स्वास्थ्य संस्था अनुगमन समितिद्वारा निजी स्वास्थ्य संस्थाहरूको अनुगमन

जिल्ला स्तरीय निजी स्वास्थ्य संस्था अनुगमन समितिको नेतृत्वमा मिति २०८३/०४/२८ र २९ गतेका दिन जिल्लाभित्र सञ्चालित १४ डेन्टल क्लिनिक, २ आँखा उपचार केन्द्र र ३ पोलिक्लिनिक गरी जम्मा १९ वटा निजी स्वास्थ्य संस्थाको नियमित अनुगमन सम्पन्न गरिएको छ। गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२ तथा *"स्वास्थ्य संस्थाको दर्ता, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०८२"* बमोजिम गरिएको अनुगमनमा दर्ता तथा नवीकरण, सेवा प्रवाह, पूर्वाधार तथा उपकरण, जनशक्ति, अभिलेख र नियामकीय मापदण्डको पालना अवस्थाको मूल्याङ्कन गरी आवश्यक सुधार तथा सुझाव प्रदान गरिएको छ।





## विद्यालय परिसर आसपास सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी अनुगमन

मिति २०८३/०५/०१ गतेका दिन सूर्तिजन्य पदार्थको बिक्री वितरण तथा प्रयोगलाई नियन्त्रण र नियमन गर्दै विद्यालय वरपरको वातावरणलाई सूर्तिजन्यमुक्त तथा बालमैत्री बनाउन जिल्ला प्रशासन कार्यालय, प्रदेश जनस्वास्थ्य कार्यालय, आन्तरिक राजस्व कार्यालय, एकीकृत सेवा कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), गैंडाकोट नगरपालिका तथा, नगर बाल संजाल- गैँडाकोट नगरपालिकाको संयुक्त टोलीद्वारा गैंडाकोट नगरपालिका अन्तर्गतका ३ विद्यालयका परिसर आसपास अनुगमन गरिएको थियो।अनुगमन "सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८" तथा सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ बमोजिम गरिएको थियो ।






## जारी भएका/संसोधित निर्देशिका/कार्यविधिहरु

- लक्षित वर्ग नि:शुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३
- गण्डकी प्रदेश सरकार आपतकालीन स्वास्थ्य सेवा तथा संक्रामक रोग व्यवस्थापन कार्यविधि, २०८३
- प्रादेशिक स्वास्थ्य आपतकालीन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३






## 'त्रिवेणी सुस्ता हेल्थ डेक्स (Health Desk)' विशेष

### हेल्थ डेस्कबाट 'श्रावण २०८३' महिनामा प्रवाह गरिएको स्वास्थ्य सेवाहरुको विवरण



औलों जाचँ: ११९
डेंगी जाचँ: ००
कोभिड-१९: ००
एच.आई.भी: ८६




औलों पोजेटिभ: ००
डेंगु पोजेटिभ: ००
कोभिड-१९ पोजेटिभ: ००
एच.आई.भी पोजेटिभ: ००


- कुल परिक्षण: २०५
- जम्मा परामर्श सेवा गरेको संख्या: ६५० (महिला: २६०, पुरूष: ३९०)
- जम्मा स्क्रिनिङ गरेको संख्या: २०५ (महिला: १८, पुरूष: १८७)
- जम्मा प्राथमिक उपचार गरिएको संख्या: १५८ (महिला: २८, पुरूष: १३०)

### जिल्लाका श्रावण महिनाका शीर्ष १० स्वास्थ्य समस्याहरुको सूची

| Rank | ICD-11 Code | स्वास्थ्य समस्या | केस संख्या | कुल OPD मध्ये प्रतिशत (%) |
|---|---|---|---|---|
| 1 | DA42Z | ग्यास्ट्राइटिस (Gastritis/APD) | ३,५५६ | ३.१५% |
| 2 | BA00 | उच्च रक्तचाप (Hypertension) | २,९३५ | २.६०% |
| 3 | | छालाको फंगल संक्रमण (Fungal Infection) | २,३५३ | २.०८% |
| 4 | NA00 | चोटपटक/काटिएको घाउ (Cut Injuries) | २,०४० | १.८१% |
| 5 | 5A11 | मधुमेह (Diabetes Mellitus) | १,७१७ | १.५२% |
| 6 | CA40 | माथिल्लो श्वासप्रश्वास नलीको संक्रमण (URTI) | १,३२७ | १.१७% |
| 7 | ME84 | ढाड तथा मांसपेशी दुखाइ (Musculoskeletal Pain) | १,१५५ | १.०२% |
| 8 | EA90 | डर्माटाइटिस/एक्जिमा (Dermatitis/Eczema) | १,१०२ | ०.९८% |
| 9 | CA0 | राइनाइटिस (Rhinitis) | १,०३७ | ०.९२% |
| 10 | 1F70 | आन्द्राका परजीवी/कृमि संक्रमण (Intestinal Worms) | ८८८ | ०.७९% |




Scan to view





Scan to view



## सामाजिक संजालमा प्रदेश जनस्वास्थ्य कार्यालय- नवलपरासी (ब.सु.पू.)

**खोज र नष्ट गरौं: डेंगी नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय सम्बन्धी भिडियो- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**




पूरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**बिश्व स्तनपान सम्बन्धी सूचना- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**




पूरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्रद्वारा तयार गरिएको जापनीज इन्सेफलाइटिस् बारे जनचेतनामूलक भिडियो प्रस्तुति**






**जिल्लाका १० सर्पदंश उपचार केन्द्र तथा स्वास्थ्य संस्थाहरु सम्बन्धी जानकारी भिडियो**






- एच. पि.भी खोप अभियान २०८१ सारांश भिडियो प्रस्तुति: https://www.facebook.com/61564852269142/videos/1251224415970599
- नसर्ने रोगहरुको पहिचानको लागि १ महिने महिना फागुण २०८१को सारांश भिडियो प्रस्तुति : https://www.facebook.com/61564852269142/videos/946614314129210


**राष्ट्रिय प्राथमिकता कार्यक्रम तथा प्रदेश अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन योजनासंग सम्बन्धित सूचकहरु मासिक तथा यस आ. व. २०८३/८४ को प्रगती विवरण**




# स्थानीय तहमा भएका स्वास्थ्य कार्यक्रमहरुको सुची

## गैंडाकोट नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन
४. विपन्न नागरिक औषधि उपचार कार्यक्रम

## देवचुली नगरपालिका

५. मासिक समिक्षा तथा कर्मचारी बैठक
६. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
७. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन

## मध्यविन्दु नगरपालिका

८. मासिक समिक्षा तथा कर्मचारी बैठक
९. जिन्सी निरक्षण-स्वास्थ्य संस्थाहरुमा
१०. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम

## कावासोती नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम

## बुलिङटार गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. *Data Verification and Validation* कार्य स्वास्थ्य संस्थाहरुमा

## विनयी त्रिवेणी गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम


## हुप्सेकोट गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. *Data Verification and Validation* कार्य स्वास्थ्य संस्थाहरुमा

## बौदीकाली गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. *Data Verification and Validation* कार्य स्वास्थ्य संस्थाहरुमा



## जनस्वास्थ्य कार्यालयको 'भाद्र' का लागि कार्ययोजना

- मासिक कर्मचारी बैठक तथा आर्थिक वर्ष २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा
- श्रवाण, भाद्र र आश्विन महिना : डेंगी सचेतना तिन महिने अभियान कार्ययोजना तयारी बैठक (कार्यालयमा)
- मानसिक स्वास्थ्य सम्बन्धी सचेतना अभियान निरन्तरता

## जनस्वास्थ्य कार्यालयको अनुरोधहरु

- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गर्मी मौसममा जिल्लाबासीहरूलाई अत्यधिक गर्मीबाट जोगिन हल्का कपडा लगाउन, प्रशस्त पानी तथा झोलयुक्त खानेकुरा सेवन गर्न, तथा दिउँसोको चर्को घाममा सकेसम्म बाहिर ननिस्कन हार्दिक अनुरोध गर्दछ ।
- प्रदेश जनस्वास्थ्य कार्यालय गर्मी मौसममा देखिने विभिन्न स्वास्थ्य समस्याहरू जस्तै डिहाइड्रेसन, झाडापखाला, टाइफाइड, सनस्ट्रोक तथा छालासम्बन्धी समस्याबाट बच्न विशेष स्वास्थ्यमा ख्याल दिन र कुनै लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न सम्पूर्ण जिल्लाबासीलाई अनुरोध गर्दछ ।

## सम्पर्कको लागि

**सूचना अधिकारी:** प्रविण कुमार खनाल, जनस्वस्थ्य अधिकृत, +९७७ ९८५७०७९२३६, honawalpur@gmail.com

**गुनासो सुन्ने अधिकारी:** केशव प्रसाद चापागाईं, जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुख, +९७७ ९८५७०४७९७६

**हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय):** ११९५













